# पूर्वाञ्चल विश्वविद्यालय
# सम्बन्धन सम्बन्धी नीति, शर्त र प्रक्रिया २०८०

पूर्वाञ्चल विश्वविद्यालय
गोठगाउँ, मोरङ्, नेपाल

## क्याम्पस वा शिक्षण संस्थाहरूलाई सम्बन्धन दिने सम्बन्धी नीति, २०८०

- क्याम्पसहरूलाई सम्बन्धन दिंदा विश्वविद्यालयले प्राथमिकता तोकेको क्षेत्र वा भुगोलमा नेपाल अधिराज्यभर दिनेछ ।
- सम्बन्धन प्रदान गरिएका क्याम्पस/कलेजहरूलाई Sustainable र व्यवस्थित गर्नका लागि ग्राहयता प्रदान गरिने छ । सोही सन्दर्भमा इच्छुक सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरूले थप शैक्षिक कार्यक्रम / थप सीट प्राप्त गर्नका लागि आवेदन दिएमा विश्वविद्यालयले प्राथमिकता दिई नियमानुसार कारवाही अगाडी बढाउन सक्ने छ ।
- प्राविधिक कार्यक्रमका लागि आवश्यक प्रयोगशालाहरू कम्तिमा पनि सम्बन्धित काउन्सिल/आयोगले तोके बमोजिम /विश्वविद्यालयले तोकेको मापदण्ड अनुसार हुनुपर्नेछ । यसका अतिरिक्त साधारण शैक्षिक कार्यक्रमका लागि पनि कम्प्यूटर प्रयोगशाला र आधुनिक सञ्चारका साधन /माध्यम हुनुपर्ने छ ।
- नयाँ सम्बन्धन दिदा कार्यमूलक, रोजगारीमूलक एवं बजारमूखि कार्यक्रम सञ्चालन गर्ने क्याम्पसलाई प्राथमिकता दिइने छ । तर कार्यक्रमको सम्बन्धन दिदा आंगिक कार्यक्रमलाई प्रतिकूल असर पर्ने गरी दिइने छैन ।
- सम्बन्धन मागेका क्याम्पस वा शैक्षिक संस्थाले अन्य विश्वविद्यालयका वा संस्थाबाट सम्बन्ध लिई कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।
- नयाँ सम्बन्धन दिदा संचालनमा रहेका सोही अनुसारका कार्यक्रम संचालन गर्ने क्याम्पसहरू भन्दा न्यूनतम २ कि.मि. को दूरी कायम राखिने छ ।
- सम्बन्धनको लागि प्राथमिकता निर्धारण गर्दा सामुदायिक क्याम्पस र निजी क्याम्पसहरूलाई क्रमशः पहिलो र दोश्रो प्राथमिकतामा राखिने छ ।
- सम्बन्धन माँग गर्ने क्याम्पसले सम्बन्धित विषयको पूर्णकालिन क्याम्पस प्रमुख, न्युनतम योग्यता कम्तिमा स्नातकोत्तर, र न्यूनतम ४ जना पूर्णकालिन विषय शिक्षकको व्यवस्था गर्नु पर्नेछ । कार्यक्रममा काउन्सील/आयोग भए सोही अनुसारको पूर्णकालिन विषय शिक्षकको व्यवस्था गर्नु पर्ने छ ।
- पुस्तकालयमा बिषय समितिले तोकेको प्रत्येक Reference Book को न्यूनतम ५ थान पुस्तक हुनु पर्ने, विद्यार्थीले पुस्तकालयमा नै बसेर पढ्न सक्ने स्थान भएको र काउन्सील /आयोग विश्वविद्यालयले तोकेको अन्य मापदण्ड अनुसार गर्नु पर्ने छ ।
- कुनै सम्बन्धन प्राप्त क्याम्पसले लगातार ३ वर्षसम्म पनि आफनो कोटा अनुसार भर्ना लिन नसके विश्वविद्यालयले पूनः विचार गरी कोटा संख्या घटाउन सक्ने छ ।

- कुनै सम्बन्धन प्राप्त क्याम्पसले तोकिएको शैक्षिक सत्र  देखि सम्बन्धन प्राप्त गरि क्याम्पस सुचारू गर्न नसकेमा विद्यार्थी भर्ना नलिएको वर्ष समेतको सम्बन्धन शुल्कको ५० प्रतिशत बुझाए पछि मात्र भर्ना गर्न अनुमति प्रदान गरिने छ ।

## सम्बन्धन सम्बन्धी नीति, शर्त र प्रक्रिया २०८०

पूर्वाञ्चल विश्वविद्यालयले जनस्तरमा विद्यमान साधन श्रोत एवम जनशक्तिलाई प्रोत्साहित गर्न, शिक्षाका अवसरलाई विकेन्द्रीकरण गर्न, प्रतिस्पर्धाको माध्यमबाट रोजगारमूलक स्तरीय शिक्षा प्रदान गर्न, उच्च शिक्षाका क्षेत्रमा जनचाहना र सहभागिता बढाउँन तथा अनुभव प्राप्त जनशक्तिको सदुपयोग गर्ने उद्देश्यले निजी वा सार्वजनिक क्षेत्रबाट सञ्चालित गरिएका वा गरिने क्याम्पसहरूलाई पूर्वाञ्चल विश्वविद्यालय नियमावली २०५३ (अठारौ सभासम्मको संशोधन सहित) को खण्ड (क) को परिच्छेद १५ क नियम ६१ क बमोजिम यस विश्वविद्यालयबाट सम्बन्धन प्रदान गर्न यो सम्बन्धन सम्बन्धी निति, शर्त र प्रक्रिया-२०८० पूर्ण पारदर्शी र वस्तुनिष्ठ आधारमा तयार पारिएकोछ । यो सम्बन्धन सम्बन्धी निति, शर्त र प्रक्रिया पू.वि. कार्यकारी परिषदले स्वीकृति गरेको मितिदेखि लागुहुने छ ।

**१ क्याम्पस :**

यस विश्वविद्यालयबाट सम्बन्धन दिईने क्याम्पसहरूमा कला, विज्ञान तथा प्रविधि, इन्जिनियरिङ्,कानुन, शिक्षाशास्त्र, व्यबस्थापन तथा चिकित्साशास्त्र संकाय अन्तर्गत शैक्षिक कार्यक्रमहरू संचालन हुनेछन् ।

## सम्बन्धन सम्बन्धी व्यवस्था

**२. प्रक्रिया :**

कार्यकारी परिषदको निर्णय बमोजिम सम्वन्धनका लागि उपकुलपतिको कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा वर्षको उपयुक्त महिनामा सार्वजनिक रूपमा सूचना प्रकाशित गरिनेछ । सम्बन्धन सम्बन्धी आवेदनका लागि यसै कार्यविधिको अनुसूची-१ मा उल्लेख भए बमोजिमको आवेदन फारम सम्बन्धित डीन कार्यालयवाट प्राप्त गर्न सकिनेछ । रितपूर्वक आवेदन फाराम भरेका शैक्षिक संस्थाहरूले यसै कार्यविधिको अनुसूचि ३ मा तोकिएको आवेदन फारम दर्ता शुल्क सम्बन्धित डीन कार्यालयले तोकेको बैंक खातामा जम्मा गरी सोको सक्कल भौचर सहित आवेदन फारम सम्बन्धित डीन कार्यालयमा दर्ता गर्नु पर्नेछ । आवेदन फारम दर्ता शुल्क फिर्ता हुने छैन् ।

## ३. आवेदन उपर कारवाही :

सम्बन्धित डीन कार्यालयले आ-आफ्ना संकायमा दर्ता भई प्राप्त गरेका आवेदन फारामहरू निर्धारित म्याद सकिएको ७ (सात) दिन भित्र उच्चस्तरीय छनौट समिति समक्ष पेश गर्ने छ । उच्चस्तरीय छनौट समितिको गठन तपसिल बमोजिम हुनेछ ।

**उच्चस्तरीय छनौट समितिको गठन**

| | |
|---|---|
| उपकुलपति वा उपकुलपतिले तोकेको डीन | अध्यक्ष |
| रजिष्ट्रार | सदस्य |
| डीन, ब्यवस्थापन संकाय | सदस्य |
| डीन, विज्ञान तथा प्रविधि संकाय | सदस्य |
| डीन, कला, कानून तथा शिक्षाशास्त्र संकाय | सदस्य |
| डीन, चिकित्साशास्त्र संकाय | सदस्य |
| डीन, इन्जिनियरिङ्ग संकाय | सदस्य |
| निर्देशक, अनुसन्धान केन्द्र | सदस्य |
| प्रमुख, योजना महाशाखा | सदस्य |
| प्रमुख, अनुगमन तथा मूल्यांकन महाशाखा | सदस्य |
| उपकुलपतिवाट तोकेको प्राध्यापक वा सह प्राध्यापक | सदस्य |

उच्चस्तरीय छनौट समिति आफैले वा सम्बन्धित संकाय डीनलाई अधिकार प्रत्यायोजन गरि आवेदन फारमहरू यो सम्बन्धन सम्बन्धी निति, शर्त र प्रक्रिया-२०८० को अनुसुचि २ अनुसार मूल्यांकन गरि १५ दिन भित्र उच्चस्तरीय छनौट समिति समक्ष सिफारिस गर्ने गरी निर्णय गर्न सक्ने छ । डीन कार्यालयले तयार पारेको छनौटमा परे नपरेको प्रतिवेदन पूनः उच्च स्तरीय छनौट समिति समक्ष प्रस्तुत गर्नु पर्ने छ । वैठकको निर्णय अनुसार सम्बन्धित डीन कार्यालयहरूले छनौटमा परेका शैक्षिक संस्थाहरूलाई अनुसूची ४ अनुसारको संभाव्यता शुल्क डीन कार्यालयले तोकेको बैंक खातामा बुझाउन लगाई सोको सक्कल बैंक भौचर सहित संभाव्यता अध्ययन गराउँन निवेदन पेश गर्न सूचित गर्ने छ । संभाव्यता अध्ययन गराउँनका लागि सक्कल बैंक भौचर सहितको निवेदन आवेदित शैक्षिक संस्थाले सम्बन्धित डीन कार्यालयमा पेश गर्नु पर्ने छ । सम्बन्धित डीनले प्राज्ञिक परिषदबाट स्वीकृत विशेषज्ञहरूको नाम संभाव्यता अध्ययन गराउँनका लागि उपकुलपति समक्ष सिफरिस गर्ने छ र उपकुलपतिबाट संभाव्यता टोलीको गठन हुने छ ।

सम्बन्धन सम्बन्धी अन्य प्रकृया पू.वि. नियमावली (२०५३ को खण्ड (क)), नियम ६१ (क) को उपनियम २, ३, ४ र ५ बमोजिम हुने छ ।

**४ अस्थायी सम्बन्धन प्रदान गर्ने :**

पूर्वाञ्चल विश्वविद्यालय, नियमावली (२०५३ को खण्ड (क) परिच्छेद १५(क) को २, ३, ४ र ५ मा व्यवस्था भए अनुसार बढीमा ३ (तीन) वर्षसम्मको लागि अस्थायी सम्बन्धन प्रदान गरिनेछ । कार्यकारी परिषदले शैक्षिक संस्थालाई अस्थायी सम्बन्धनको स्वीकृती प्रदान गर्ने निर्णय गरीसकेपछि सोको जानकारी सम्बन्धित डीनलाई गराउनेछ । सोही अनुसार सम्बन्धित डीनले अस्थायी सम्बन्धन स्वीकृती प्रदान गरिएका शैक्षिक संस्थाहरूलाई अनुसूचि ५ को कार्यक्रम स्वीकृति शुल्क बुझाउन एवं अनुसूचि ९ बमोजिमको अक्षयकोषको व्यवस्था गर्न जानकारी गराउँनेछ । उक्त सम्पूर्ण प्रकृया पूरा भए पश्चात सम्बन्धित डीन कार्यालयको सिफारिसमा शैक्षिक संस्था र उपकुलपतिको कार्यालय, योजना महाशाखा बीच तोकिएको ढाँचामा सम्बन्धन सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर हुनेछ । सम्बन्धन स्वीकृति पत्र सम्बन्धीत शिक्षण संस्थाले उपकुलपतिको कार्यालय, योजना महाशाखावाट प्राप्त गर्न सक्ने छ ।

## सम्बन्धन सम्बन्धी अन्य व्यवस्था

**५ सम्बन्धन दिइने तहः**

विश्वविद्यालयले स्नातक र स्नातकोत्तर तहमा मात्र शैक्षिक कार्यक्रम संचालनका लागि सम्बन्धन प्रदान गर्न सक्ने छ ।

**६ थप शैक्षिक कार्यक्रमहरू समावेश गर्न सकिने** :

सम्बन्धनप्राप्त क्याम्पस वा शिक्षण संस्थाले सफलता पूर्वक शैक्षिक कार्यक्रमहरू संचालन गरिरहेको अवस्थामा शैक्षिक कार्यक्रम थप गर्न चाहेमा यसै विनियमावली अनुसार सम्बन्धित संकायवाट आवेदन फारम प्राप्त गरी डीन कार्यालयले तोकेको बैंक खातामा अनुसूचि ३ मा उल्लेख भए अनुसारको आवेदन फारम दर्ता शुल्क बुझाई सोको सक्कल भाउचर सहित आवेदन फारम सम्बन्धित डीनको कार्यलयमा बुझाउने छ । सो आवेदन फारम उपरको कार्यवाही यो सम्बन्धन सम्बन्धी निति, शर्त र प्रक्रिया-२०८० को ३ अनुसार हुने छ, साथै शैक्षिक कार्यक्रम थप सम्बन्धी अन्य प्रकृया विश्वविद्यालयको नियम ६१ (क) को उपनियम (२), (३), (४) र (५) बमोजिम हुने छ ।

**७ सम्बन्धन लिन चाहने क्याम्पस / शिक्षण संस्थाले बुझाउनु पर्ने शुल्कहरूः**

| | |
|---|---|
| (क) आवेदन दर्ता शुल्क | : अनुसूचि ३ बमोजिम हुनेछ । |
| (ख) सम्भाव्यता अध्ययन शुल्क | : अनुसूचि ४ बमोजिम हुनेछ । |
| (ग) कार्यक्रम स्वीकृति शुल्क | : अनुसूचि ५ बमोजिम हुनेछ । |
| (घ) वार्षिक सम्वन्धन शुल्क | : अनुसूचि १० बमोजिम हुनेछ । |

(ङ) वार्षिक सेवा शुल्क अनुसूचि ८ बमोजिम हुनेछ ।

(च) विद्याथी दर्ता, परीक्षा तथा प्रमाणपत्र शुल्क : सम्बन्धन प्राप्त शैक्षिक संस्थाले परीक्षा व्यवस्थापन कार्यालयमा बुझाउनु पर्नेछ । उक्त शुल्कहरू विश्वविद्यालयले समय समयमा तोकेबमोजिम हुने छ ।

(छ) नाम परिवर्तन शुल्क : अनुसूचि ६ बमोजिम हुनेछ ।

(ज) स्थान परिवर्तन शुल्क : अनुसूचि ७ बमोजिम हुनेछ ।

(झ) तोकिएका अन्य शुल्क : विश्वविद्यालयले तोंकेबमोजिम हुनेछ ।

(ञ) पुनः संचालन शुल्क, स्वामित्व परिवर्तन शुल्कः अनुसूचि ६ बमोजिम हुनेछ ।

(ट) अक्षयकोष व्यवस्था : अनुसूचि ९ बमोजिम हुनेछ ।

(ठ) मर्जर सम्बन्धि व्यवस्था : अनुसूचि ११ बमोजिम हुनेछ ।

***विश्वविद्यालयबाट तोकिएका शुल्कहरू र शुल्कका दरहरू समय समयमा आवश्यकताअनुसार परिमार्जन गर्न कार्यकारी परिषदले शुल्क परिमार्जन समिति गठन गर्न सक्ने छ । उक्त समितिको सिफारिस अनुसार शुल्क परिमार्जन गर्न सकिने छ ।***

**८ अक्षय कोषः**

सम्बन्धन लिन चाहने क्याम्पस वा शिक्षण संस्थाले विश्वविद्यालयले तोकेको सम्बन्धन सम्बन्धी सम्झौता गर्नु पूर्व उक्त क्याम्पस वा शिक्षण संस्थाले यस विनियमावलीको अनुसूची ९ मा तोकिए बमोजिमको रकम मुद्दति खातामा जम्मा गरेको सक्कल भौचर सहितको कागजात डीन कार्यालयमा पेश गर्नु पर्ने छ वा सम्बन्धित क्याम्पस वा शिक्षण संस्थाले अनुसूचि ९ मा तोकिए बमोजिमको रकम बरावरको बैंक ग्यारेन्टी **क** श्रेणीको बैंकबाट गराई अक्षयकोषको रूपमा डीन कार्यालयमा पेश गर्न सक्ने छ । छानविन पश्चात डीनको कार्यालयले अक्षयकोष रोक्का गर्नेछ । सम्बन्धित डीनले अक्षयकोष रोक्का गरे पश्चात सम्बन्धन सम्बन्धी सम्झौतामा १५ (पन्ध्र) दिन भित्र हस्ताक्षर गर्न उपकुलपतिको कार्यालय, योजना महाशाखामा सम्पर्क गर्न जानकारी गराउनेछ । हालसम्म अक्षयकोषको व्यवस्था नगरेका सम्बन्धन प्राप्त गरिसकेका कलेज वा शैक्षिक संस्थाले पनि यसै अनुसारको अक्षयकोषको व्यवस्था ६ (छ) महिना भित्र गरिसक्नु पर्ने छ । विश्वविद्यालयबाट हुने अनुगमनमा अक्षयकोषको व्यवस्था गरे/नगरेको अनिवार्य हेरिने छ ।

**९ विश्वविद्यालय जवाफदेही नहुनेः**

सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले गरेको कुनै प्रकारका आर्थिक एव अन्य काम कारवाही कारोबार र दायित्वप्रति विश्वविद्यालय जवाफदेही हुने छैन ।

**१० आदेश वा निर्देशन दिनसक्नेः**

कार्यकारी परिषदले आवश्यक ठानेमा सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थालाई यस सम्बन्धन सम्बन्धी शर्त र प्रक्रियामा लेखिए बाहेक अन्य थप आदेश वा निर्देशन दिन सक्ने छ र यस्तो आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित क्याम्पस वा शिक्षण संस्थाको कर्तव्य हुने छ ।

**११ शर्त र प्रक्रियाका व्याख्या:**

यस सम्बन्धन सम्बन्धि शर्त र प्रक्रियामा थप गर्ने वा व्याख्या गर्ने अधिकार कार्यकारी परिषदलाई हुने छ ।

**१२ बाधा अडकाउ फुकाउ:**

यस सम्बन्धन सम्बन्धि शर्त र प्रक्रिया बमोजिम काम कारवाही गर्दा गराउँदा कुनै बाधा अडकाउ परेमा त्यस्ता बाधा अडकाउ हटाउँने वा फुकाउँने अधिकार कार्यकारी परिषदलाई हुने छ ।

**१३ अनुसूचीहरूमा हेरफेर:**

यस सम्बन्धन सम्बन्धि शर्त र प्रक्रिया अन्तर्गतका अनुसूचीहरूमा थपघट वा हेरफेर गर्ने अधिकार कार्यकारी परिषदलाई हुने छ ।

**१४ सम्बन्धन सम्बन्धी शर्त र प्रक्रियामा नपरेका कुराहरूको सम्बन्धमा**

यस सम्बन्धन सम्बन्धी शर्त र प्रक्रियामा उल्लेख भएका कुराका हकमा यसै बमोजिम हुने छ र सो बाहेकको कुराहरूका हकमा ऐन, नियमावली र निर्णय संग नबाँझिने गरी कार्यकारी परिषदले आवश्यक निर्णय गर्न सक्नेछ । यसरी कार्यकारी परिषदको निर्णय अनुसार भए गरेका कार्यहरू यसै बमोजिम भए गरेका मानिने छ ।

**१५ सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाहरूले पालन गर्नु पर्ने शर्तहरू:**

क. विश्वविद्यालयबाट निर्धारित पाठयक्रम एवं परीक्षा सम्बन्धमा तोकिएका नीति, प्रणाली र समयको पूर्ण पालना गर्नुपर्ने छ ।

ख. सम्बन्धित क्याम्पसको नीति बमोजिम प्रदान गरिने छात्रवृतिका अलावा विश्वविद्यालयको **छात्रवृति सम्बन्धी नियम/ विनियम** निर्देशन बमोजिम तोकिए अनुसारका छात्रवृति दिनुपर्ने छ ।

ग. विद्यार्थी भर्नाका न्यूनतम योग्यता र आधार विश्वविद्यालयले निर्धारण गरेअनुसार हुने छ ।

घ. विश्वविद्यालयबाट प्राध्यापन तथा व्यबस्थापन सम्बन्धी कार्यका निमित्त तोकिएका शिक्षक तथा कर्मचारीको न्यूनतम योग्यताभन्दा न्यून योग्यताका शिक्षक तथा कर्मचारीहरू राख्न पाईने छैन ।

ङ. विद्यार्थीहरूको प्रगति मूल्यांकन गर्दा तथा अभिलेख राख्दा विश्वविद्यालयबाट तोकिएको पद्धति र ढाँचाको अनुसरण गर्नुपर्ने छ ।

च. विश्वविद्यालयले तोकेका ढाँचामा क्याम्पसको भौतिक, शैक्षिक, आर्थिक, व्यबस्थापन सम्बन्धी विबरण एवं तथ्यांकहरू समय समयमा विश्वविद्यालयलाई उपलब्ध गराउनु पर्ने छ ।

छ. विश्वविद्यालयले आवश्यक ठानेमा क्याम्पस सञ्चालक/व्यवस्थापन समिति वा Governing Board मा एक जना विश्वविद्यालयबाट तोकिएको प्रतिनिधिलाई समावेश गर्न सक्ने छ ।

ज. विश्वविद्यालयबाट तोकिए बमोजिम शिक्षक, कर्मचारी तथा विद्यार्थी सम्बन्धी आचार संहिताको पालना गर्नु/गराउनु क्याम्पसको दायित्व हुने छ ।

झ. विश्वविद्यालयबाट तोकिएको विभिन्न शूल्कहरू तोकिएको अवधिभित्र सम्बन्धित निकायमा वुझाउनु पर्नेछ ।

ञ. क्याम्पसको नाम तथा स्थान परिवर्तन र क्याम्पसहरू सञ्चालन गर्ने सम्बन्धमा गरिएका व्यवस्थापन वा अन्य आन्तरिक कार्य प्रकृयामा परिवर्तन गर्नुपर्दा तोकिए बमोजिमका शुल्कहरू बुझाइ विश्वविद्यालयबाट स्वीकृति प्राप्त गरेर मात्र लागु गर्नुपर्ने छ ।

ट. विश्वविद्यालयबाट क्याम्पसका शिक्षक/कर्मचारीहरूलाई विश्वविद्यालयको सभा, समिति, परिषद, गोष्ठी, कार्यशाला, परीक्षा एवं अध्यापन आदि कार्यक्रममा मनोनित गरिएको, खटाइएको वा जिम्मेवारी सुम्पिएको अवस्थामा निजहरूलाई कार्य गर्न अनुमति र सो कार्य प्रयोजनकालागि काज खटाउनु पर्ने छ ।

ठ. विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कार्यक्रम तोकिएको अवधिभित्र संचालन गरिसकेको हुनुपर्ने छ ।

ड. सम्बन्धन प्राप्त गर्ने शैक्षिक संस्थाले तोकिएका नाम वाहेक अन्य विशेषण प्रयोग गर्न पाउने छैन ।

ढ. परीक्षा सम्बन्धी सम्पूर्ण शुल्कहरू विश्वविद्यालयले निर्धारण गरे बमोजिम क्याम्पस वा शिक्षण संस्थाले बुझाउन पर्ने छ ।

ण. क्याम्पस वा शिक्षण संस्थाले सम्बन्धन प्राप्त गरेवापत विश्वविद्यालयलाई तोकिएको वार्षिक सम्बन्धन शुल्क विश्वविद्यालयले तोकेको बैंक खातामा बुझाउनुपर्ने छ ।

त. क्याम्पस वा शिक्षण संस्थाले विश्वविद्यालयबाट प्रवेश परीक्षा लिइने शैक्षिक कार्यक्रमहरूमा प्रवेश परीक्षामा उत्तीर्ण गरेका विद्यार्थीहरूलाई मात्र तोकेको संख्यामा भर्ना गर्नुपर्ने छ । अन्य क्याम्पसहरूले स्वीकृत कोटा अनुसार मात्र भर्ना लिनु पर्ने छ । स्वीकृत कोटा भन्दा वढी विद्यार्थी भर्ना लिइ रजिष्ट्रेसन रोकिएमा सो को जिम्मेवारी स्वयं क्याम्पस हुने छ ।

थ. क्याम्पस वा शिक्षण संस्थाले आफना शिक्षकहरूका निम्ति सेमिनार, गोष्ठी, तालिम, अनुसन्धानजस्ता वृत्ति विकासका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्नुपर्ने छ ।

द. क्याम्पस वा शिक्षण संस्थाका शिक्षकहरू विश्वविद्यालयका निकायहरू (जस्तै विश्वविद्यालय सभा, प्राज्ञिक परिषद, विद्या परिषद, विषय समिति, परीक्षा निर्देशन समिति आदि) मा मनोनित वा छनोट भएमा सो निकायको कार्यमा भाग लिन पठाउनुपर्ने छ ।

ध. विश्वविद्यालयले आफैले आयोजना गरेको गोष्ठी, कार्यशाला, तालिम र परीक्षा सम्बन्धी कार्यमा भाग लिनका लागि क्याम्पसका शिक्षकहरूलाई छनोट गरेमा क्याम्पसले ती शिक्षकहरूलाई उक्त कार्यमा भाग लिन पठाउनुपर्ने छ ।

न. विश्वविद्यालयबाट सञ्चालन गरिने परीक्षाका लागि क्याम्पसले आफनो सभाकक्ष, कक्षाकोठा, प्रयोगशाला, कार्यशाला, उपकरणहरू र अन्य भौतिक सुविधा उपलब्ध गराउनुपर्ने छ ।

प. क्याम्पस वा शिक्षण संस्थाले शिक्षक, विद्याथी र कर्मचारीलाई प्राज्ञिक एवं व्यवसायिक मर्यादा पालन गर्नका लागि आचार संहिता बनाइ लागु गर्नुपर्ने छ ।

फ. क्याम्पस वा शिक्षण संस्थाले विश्वविद्यालयले मागेका सूचना र तथ्यांक उपलब्ध गराउनुपर्ने छ ।

ब.क्याम्पस या शिक्षण संस्थाले पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरिसकेपछि अन्य विश्वविद्यालयबाट सम्बन्धन लिइ शैक्षिक कार्यक्रम संचालन गर्न पाउनेछैन ।

भ. क्याम्पस वा शिक्षण संस्थाले विश्वविद्यालयको सम्बन्धन सम्बन्धी शर्त र प्रक्रियालाई पालना गर्नुपर्ने छ ।

म. क्याम्पस वा शिक्षण संस्थाले विश्वविद्यालयले दिएका सुझाव एवं निर्देशनहरू कार्यान्वयन गर्नुपर्ने छ ।

य. सम्बन्धन प्राप्त क्याम्पस वा शैक्षिक संस्थाले आफ्ना लेटर प्याड, बोर्ड र विज्ञापनमा आफ्ना नामसंगै **"पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त"** भनेर अनिवार्य लेख्नु पर्ने छ ।

र. सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले नियमितरूपमा आफ्ना काम कारवाहीको प्रगति प्रतिवेदन तथा अन्य आवश्यक सूचना तथा तथ्यांक सम्बन्धित डीन कार्यालय र योजना महाशाखा समक्ष पेश गर्नु पर्ने छ। माथि लेखिए बाहेक विश्वविद्यालयले माग गरेका बखत सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले आफूसंग सम्बन्धित सूचना र तथ्यांक योजना महाशाखा समक्ष तत्कालै पेश गर्नु पर्ने छ।

ल. माथि उल्लेखित शर्तहरुपालना नगरेको अवस्थामा विश्वविद्यालयले पू. वि. नियमावली-२०५३ (१८ औं सभा सम्मको संशोधन सहित) परिच्छेद १५ क नियम ६१ ग उपनियम १ बमोजिम आवश्यक कार्यवाही गर्न सक्ने छ।

**१६ अनुगमन तथा मूल्याङकन सम्बन्धी व्यवस्थाः**

सम्बन्धित संकायको डीन वा डीनले तोकेको विशेषज्ञ/ बिशेषज्ञहरूको टोलीवाट अनुगमन गर्न सकिने छ।

**१७ अस्थायी नवीकरण अनुगमन सम्बन्धी व्यवस्थाः**

संकाय डीन वा डीनले तोकेका विशेषज्ञ/विशेषज्ञहरूवाट अस्थायी सम्बन्धन नवीकरणको अनुगमन गर्न सकिनेछ।

**१८ सम्बन्धन स्थगन वा खारेजी सम्बन्धन स्थगन वा खारेजी हुन सक्नेः**

सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेका स्वीकृत शैक्षिक कार्यक्रमहरूमा लगातार ४ (चार) वर्षसम्म नयाँ विद्यार्थी भर्ना नलिएको खण्डमा सम्बन्धित डीन कार्यालयले स्पष्टीकरण सोध्न सक्नेछ। शैक्षिक संस्थाले चित्त बुझ्दो स्पष्टीकरण नदिएको पाइएमा सम्बन्धित डीन कार्यालयले उक्त क्याम्पसमा संचालित सम्बन्धित शैक्षिक कार्यक्रमहरूको सम्बन्धन खारेजीको प्रकृया यसे विनियमको १९ मा उल्लेख भए वमोजिमको कार्यवाही गर्न सक्ने छ।

**१९ सम्बन्धन स्थगन वा खारेज गर्ने प्रक्रियाः**

(१) सम्बन्धन स्थगन वा खारेज गर्नु पर्ने अवस्था सिर्जना भएको कुरा जानकारीमा आएमा संकाय डीनले सम्बन्धित क्याम्पस वा शिक्षण संस्थाका प्रमुखलाई सो सम्बन्धमा निश्चित अवधि तोकी स्पष्टीकरण पेश गर्न आदेश दिन सक्ने छ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित क्याम्पस वा शिक्षणसंस्थाका प्रमुखबाट स्पष्टीकरण पेश भएपछि कार्यकारी परिषदले तत्सम्बन्धमा आवश्यक छलफल गरी छानबिन टोली गठन गरी सम्बन्धित क्याम्पस वा शिक्षण संस्थाको सुपरीवेक्षण गराई प्राज्ञिक परिषदको परामर्श लिइ राय सहितको प्रतिवेदन कार्यकारी परिषदमा पठाउनु पर्ने छ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि कार्यकारी परिषदले सम्बन्धन स्थगन वा खारेजी सम्बन्धमा आवश्यक र उपयुक्त निर्णय गर्नेछ। कार्यकारी परिषदले चाहेमा उक्त निर्णय गर्नु भन्दा पहिले पुनः छानविन गराउन सक्ने छ।

**२० सम्बन्धन स्थगन वा खारेजीका सूचनाः**

यसै विनियमको दफा १९ को उपदफा (३) बमोजिम कार्यकारी परिषदको निर्णयबाट कुनै क्याम्पस वा शिक्षण संस्थाको सम्बन्धन स्थगन वा खारेज भएमा त्यस्को कारण समेत उल्लेख गरी सम्बन्धन स्थगन वा खारेजीको आदेश सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थालाई त्यस्तो निर्णय भएको मितिले ४५(पैतालीस) दिन भित्र दिईसक्नु पर्ने छ ।

२१ **सम्बन्धन स्थगन वा खारेज भएमा अध्ययन पूरा गराउने दायित्व व्यहोर्नु पर्नेः**

सम्बन्धन स्थगन वा खारेज भएमा सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले नयाँ विद्याथी भर्ना गर्न पाउने छैन । तर भर्ना भई सकेका विद्यार्थीकोहकमा सो तह पूरा गर्न लाग्ने बाकी अवधिसम्म अध्ययन पूरा गर्न पर्ने दायित्व सम्वन्धित क्याम्पस वा शिक्षण संस्थाले वेहोर्नु पर्ने छ ।

२२ **थप सत्र ( Session) वा थप कोटा (सेक्सन थप) सम्बन्धी व्यवस्थाः**

एक पटक सम्बन्धन प्राप्त गरि निश्चित कोटामा शैक्षिक कार्यक्रम संचालन गरि रहेका क्याम्पस /कलेजहरूले विद्यार्थी कोटा थप (सेक्सन थप) वा थप सत्र ( Session) गर्न चाहेमा सम्बन्धित संकायवाट प्राप्त आवेदन फारम नियमानुसार भरी विश्वविद्यालयले तोकेको बैक खातामा अनुसूचि ३ मा उल्लेख भए अनुसारको आवेदन फारम दर्ता शुल्क बुझाई सोको सक्कल भाउचर सहित आवेदन फारम सम्बन्धित डीनको कार्यलयमा बुझाउने छ । निर्धारित समय भित्र प्राप्त आवेदनहरू उपरको कारवाही यसै विनीयमको दफा ३ बमोजिम हुनेछ । श्रीमान उपकुलपतिज्यूवाट गठित सम्भाव्यता अध्ययन समितिको प्रतिवेदन उपकुलपति कार्यालयमा प्राप्त भए पश्चात उक्त प्रतिवेदन उपकुलपतिज्यूवाट सम्बन्धीत डीन कार्यालयमा आवश्यक कार्यार्थ पठाईने छ । श्रीमान डीनज्यूको अध्यक्षतामा वसेको विद्या परिषदको बैठकबाट संभाव्यता अध्ययन समितिको प्रतिवेदन उपर छलफलगरि आवश्यक राय सहित प्राज्ञिक परिषदमा पठाईने छ । प्राज्ञिक परिषदको बैठकले सो सम्बन्धमा आवश्यक निर्णय लिने छ । प्राज्ञिक परिषदको निर्णय कार्यकारी परिषदले कार्यान्वयनका लागि अनुमोदन गरे पश्चात थप कोटा ( सेक्सन थप) वा थप सत्र ( Session) सम्बन्धी कारवाहीका लागि सम्बन्धित डीन कार्यालयमा लेखि पठाउने छ । कार्यकारी परिषदवाट स्वीकृती प्राप्त भए पछि संकाय डीनको कार्यालयले नियमानुसार लाग्ने शुल्क (प्रथम पटकका लागि, थप कोटासंख्यालाई सम्बन्धन शुल्कले गुणन गरि आएको रकम र स्वीकृती स्वरूप तोकिएको शुल्क वरावरको रकम) को लागि पत्राचार गर्नु पर्ने छ । उक्त शुल्क लगायत अन्य सम्पूर्ण वांकी शुल्क बुझाए पश्चात संकाय डीनको कार्यालयले स्वीकृती पत्र दिने छ । यस सम्बन्धी जानकारी डीन कार्यालयले अनिवार्य रूपमा उपकुलपति, रजिष्ट्रार, परीक्षा एवं योजना महाशाखाको कार्यालयमा गराउनु पर्ने छ ।

## अनुसूची-१

श्री पूर्वाञ्चल विश्वविद्यालय
संकाय डीनको कार्यालय
विराटनगर, मोरंग ।

**विषयः सम्बन्धन प्राप्ती/थप शैक्षिक कार्यक्रम/कोटा थप सम्बन्धी आवेदन ।**

**तल उल्लेखित क्याम्पस/शिक्षण संस्थालाई तपसिलमा उल्लेख भएको शैक्षिक कार्यक्रम संचालन गर्न सम्बन्धन पाउँ ।**

१) प्रस्तावित क्याम्पस/शिक्षण संस्थाका नाम र विस्तृत ठेगानाः
२) क्याम्पस/ शिक्षण संस्था अधिकार प्राप्त निकायमा दर्ता भएको मिति, निकाय र तत्सम्बन्धी प्रमाण (सामुदायिक / सहकारी/नीजि):
३) सम्बन्धन प्राप्त गर्न चाहेका शैक्षिक कार्यक्रम सम्बन्धी विवरणः
(क) शैक्षिक कार्यक्रमका नामः
(ख) तह (स्नातक/स्नातकोत्तर):
(ग) वार्षिक भर्ना संख्याः
(घ) शैक्षिक सत्र प्रारम्भ हुने मितिः
४) प्रयोगशालाका प्रकार र प्रत्येक प्रयोगशालाका मुख्य सामाग्रीहरूको सूचीः
५) प्रत्येक शैक्षिक कार्यक्रमका लागि उपलब्ध शैक्षिक तथा प्रशासनिक जनशक्तिको विवरणः
(क) शिक्षक/प्राविधिक / प्रशासनिक कर्मचारीहरूको तह र संख्या, शैक्षिक योग्यता र व्यवसायिक अनुभवः
(ख) सहायक स्तरको प्राविधिक र प्रशासनिक कर्मचारीहरूको तह र संख्या, शैक्षिक योग्यता र व्यवसायिक अनुभवः
६) क्याम्पस/शिक्षण संस्थाका सांगठनिक तालिकाः
७) पुस्तकालय तथा पुस्तकालय सामाग्रीहरूः
८) भौतिक सुविधाका विवरणः
(क) जमीनको क्षेत्रफलः
(ख) भवनको संरचनाः
  १) शैक्षिकः कक्षा कोठा/प्रयागशाला/पुस्तकालय / प्रशासनिक कोठाहरू / पार्किङ / खेलकुद मैदान आदि ।
  २) आवासः शिक्षक, कर्मचारी आवास/विद्यार्थी आवास/
  ३) भवनको स्वामित्वः- संस्थाको आफै नाममा वा लिज/भाडामा रहेको विवरण
९) स्वास्थ्य सेवाः
१०) यातायात सेवाः
(११) अनुसन्धान, परामर्श र विकास कार्यक्रमः
१२) संचालक समितिको गठन, काम कर्तव्य र अधिकार तथा संचालकहरूको नामावली,शेयरधनीहरूको नामावलीः
१३) क्याम्पस/शिक्षण संस्थाको स्थापना सम्बन्धी कार्य योजनाः

१४) आर्थिक स्रोतहरू:

(क) क्याम्पस/शिक्षण संस्थाका आर्थिक स्रोतका प्रकारहरू:

(ख) क्याम्पस/शिक्षण संस्थाका अनुमानित वार्षिक आय व्यय (रूपैयामा):

(ग) प्रति विद्यार्थी वार्षिक शिक्षण तथा अन्य शुल्क:

आवेदक

आवेदक क्याम्पस / शिक्षण संस्थाका तर्फबाट:

नामः-

पदः-

दस्तखतः-

मितिः-

सम्पर्क ठेगानाः-

फोनः-

इमेलः-

संस्थाको छापः-

**नोटः** आवेदन निम्न बमोजिम दिनु पर्नेछ:

(क) स्वदेशी संस्था भएमा संचालक समितिले ।

ख) विदेशी संस्था भएमा नेपाल सरकारको स्वीकृति सहित, त्यस्तो विदेशी संस्थाको संचालक समितिको तर्फबाट अधिकारीक व्यक्तिले ।

# अनुसूची-२
## सम्बन्धन सम्बन्धी छनौटको सूत्रात्मक ढाँचाः

| क.स. | मापदण्ड | अधिकतम अंक |
|---|---|---|
| १. | **क.** आवेदित संस्थाको आफ्नै नाममा घर/जग्गन एवं कक्षा सञ्चालनका लागि मापदण्ड बमोजिमको कक्षा-कोठाहरू समेत विवरण उल्लेख भएमा ➔ १५ अंक<br>**ख.** आवेदित शैक्षिक संस्थाको घर भाडामा (१० वर्ष वा सो भन्दा बढी अवधिको करार सम्झौता भएको) सम्बन्धित संकायका लागि उल्लेखित मापन बमोजिमको घर/कोठा उल्लेख भएको भए ➔१० अंक<br>**ग.** आवेदित शैक्षिक संस्थाका निर्माणाधिन भनि उल्लेख भएमा वा प्रथम/वर्ष/सत्रका लागि मात्र पुग्ने कोठाको विवरण प्राप्त भएमा ➔८ अंक | **१५ अंक** |
| २. | आवेदित शैक्षिक संस्थाको:<br>क) क्याम्पस प्रमुखको कोठा (१) भएमा ➔ **३ अंक**<br>ख) प्रशासनिक कोठाहरू (न्यूनतम २ वटा) ➔ **३ अंक**<br>ग) पार्किङ:<br>(कम्तिमा २० वटा मोटर साइकल साथै ४ बटा चार पाङ्ग्रे सवारी साधन पार्किङ गर्न मिल्ने भनि उल्लेख भएको) ➔ **४.५ अंक**<br>घ) खेलकुद मैदान:<br>(न्यूनतम १/२ वटा खेल खेलाउन सक्ने वा ४/५ वर्षे स्नातक तहका विद्यार्थीहरू जम्मा हुन सक्ने स्थान भएको भनि उल्लेख भएमा) ➔ **४.५ अंक** | **१५ अंक** |
| ३. | ३. आवेदित संस्था:<br>**क) सामुदायिक भएमा:**<br>● नेपाल सरकार/स्थानीय निकायवाट निर्वाधरूपमा जग्गा/भवन उपभोग गर्ने गरी सम्बन्धीत प्रस्ताव संस्थाको नाममा स्वामीत्व रहेको/रहन सक्ने निर्णय भएको प्रतिलिपि।<br>● स्थानीय सरकारबाट सञ्चालन गर्ने भनि स्थानीय सरकारको माथील्लो निकायबाट निर्णय भई, रकम श्रोत सुनिश्चितता समेत भएको पत्र।<br>**ख.. निजी भएमा:**<br>● यथेष्ठ पूँजीको सुनिश्चितता भई , कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता कायम भएको।<br>● संस्था सञ्चालन सम्बन्धी स्पष्ट मापदण्ड उल्लेख भएको विद्यान।<br>● कार्य समितिमा रहेका हरेक व्यक्तिको पछिल्लो आर्थिक वर्षमा कर चुक्ता भएको कर कार्यालयको पत्र। | **१० अंक** |
| ४. | प्रयोगशाला साथै अन्य शैक्षिक सामाग्री खरिद गरि सकेको वा संस्था स्वीकृति भएमा १ महिना भित्र खरिद गरी सक्ने भनि यथेष्ठ श्रोत सुनिश्चितता भएको पत्र साथै प्रमाण पत्र समेत पेश गरेमा। | **१५ अंक** |
| ५. | पुस्तकालयका लागि विश्वविद्यालयले तोकेको संस्थाको पुस्तक/आधुनिक प्रविधि साथै इ-पहुँच (E-Access) गर्न सक्ने प्रावधान सहितको अवस्था उल्लेख गरी आवेदन प्राप्त भएमा। | **१० अंक** |
| ६. | संस्था सञ्चालनका लागि नेपाल सरकारको मापदण्ड अनुसार कर्मचारी र शिक्षक (पूर्ण कालिन) प्रवन्त्र गरेको वा गरिसक्ने भनि निजहरूलाई दिएको नियुक्ति पत्र /निजहरूबाट प्राप्त प्रतिवद्वता पत्र। | **१० अंक** |
| ७. | आवेदित शैक्षिक संस्था खुलेमा विद्यार्थी भर्ना हुन सक्ने पर्याप्त आधार/रणनिति। (कम्तिमा ३०० शब्दमा) | **१५ अंक** |
| ८. | अन्य विश्वविद्यालयको समान प्रकितिका शैक्षिक कार्यक्रमहरू नभएको भनि उल्लेख भएको पत्र समावेश गरेमा। ( प्रस्तावित क्याम्पसको २ किमी भित्र रहेका शैक्षिक सस्थाका शैक्षिक कार्यक्रमका विवरण) | **१० अंक** |
| | **जम्मा** | **१०० अंक** |
| | उच्च स्तरीय समिति वा समितिले तोकेको अधिकारीले न्यूनतम **६० अंक प्राप्त गरेका** आवेदित शैक्षिक संस्थालाई मात्र प्रारम्भिक चरणमा छनौट गर्ने छ। | |

## अनुसूची-३

## आवेदन फारम दर्ता सम्बन्धी व्यवस्था (प्रति शैक्षिक कार्यक्रम)

आवेदन फारम दर्ता शुल्क सम्बन्धी व्यबस्था (नया क्याम्पसहरू र थप शैक्षिक कार्यक्रमका लागि समेत)

| | |
|---|---|
| विज्ञान तथा प्रविधि संकाय तर्फ | रू.३००,०००।०० |
| इन्जिनियरिङ्ग संकाय तर्फ | रू.३००,०००।०० |
| चिकित्साशास्त्र संकाय तर्फ | रू.३००,०००।०० |
| कला संकाय तर्फको BID, व्यवस्थापन तथा कानून संकाय तर्फ | रू.३००,०००।०० |
| व्यवस्थापन तर्फको बिबिएस, शिक्षाशास्त्र संकाय तर्फको बिएड, कला संकाय तर्फका अन्य बिषय (BID बाहेक) | रू.५०,०००।०० |

***द्रष्टव्यः- उपरोक्त बमोजिमको आवेदन फारम दर्ता शुल्क शैक्षिक कार्यक्रम स्वीकृत नभएमा समेत फिर्ता हुनेछैन।***

अनुसूची-४

## सम्भाव्यता अध्ययन शुल्क प्रति शैक्षिक कार्यक्रम

- विज्ञान तथा प्रविधि संकाय तर्फ प्रति शैक्षिक कार्यक्रम — रू.५,००,०००।००
- इन्जिनियरिङ्ग संकाय तर्फ प्रति शैक्षिक कार्यक्रम — रू.७,००,०००।००
- कला संकाय तर्फको BID, कानून तथा व्यवस्थापन संकाय तर्फ प्रति शैक्षिक कार्यक्रम — रू.५,००,०००।००
- व्यवस्थापन तर्फको बिबिएस, शिक्षाशास्त्र संकाय तर्फको बिएड, कला संकाय तर्फका अन्य बिषय (BID बाहेक) — रू.१००,०००।००
- चिकित्साशास्त्र संकाय तर्फ प्रति शैक्षिक कार्यक्रम — रू.७,००,०००।००

**द्रष्टव्यः-** आवेदित कार्यक्रम⁄ कार्यक्रमहरू स्वीकृत नभएमा पनि सम्भाव्यता अध्ययन शुल्कहरू फिर्ता हुनेछैन।

## अनुसूची-५
## कार्यक्रम स्वीकृती शुल्क प्रति शैक्षिक कार्यक्रम

| | |
|---|---|
| ❖ विज्ञान तथा प्रविधि संकाय तर्फ प्रति शैक्षिक कार्यक्रम | रू.२५०,०००।०० |
| ❖ इन्जिनियरिङ्ग संकाय तर्फ प्रति शैक्षिक कार्यक्रम | रू.२५०,०००।०० |
| ❖ कला संकाय तर्फको BID, कानून तथा व्यवस्थापन संकाय तर्फ प्रति शैक्षिक कार्यक्रम | रू.२५०,०००।०० |
| ❖ व्यवस्थापन तर्फको बिबिएस, शिक्षाशास्त्र संकाय तर्फको बिएड, कला संकाय तर्फका अन्य बिषय (BID बाहेक) | रू.१००,०००।०० |
| ❖ चिकित्साशास्त्र संकाय तर्फ प्रति शैक्षिक कार्यक्रम | रू.२५०,०००।०० |

## अनुसूची-६
## पूनः संचालन/स्वामित्व परिर्वतन /नाम परिर्वतन सम्बन्धी शुल्क व्यवस्था

**यस शिर्षक अन्तर्गत सबै संकायका लागि एकमुष्ट रू २ लाख मात्र शुल्क बुझाउनु पर्ने छ।**

(क) नाम परिवर्तन गर्न चाहने संस्थाले नेपाल सरकारको सम्बन्धित निकायवाट नामसारीको स्वीकृति पत्र लिई र सम्बन्धित संचालक समितिको स्वीकृतिको पत्र राखी आएमा सम्बन्धित संकाय डीनद्धारा गरिएको छानबिन पश्चात र माथि उल्लेखित शुल्क बुझाए पश्चात कार्यकारी परिषदवाट स्वीकृति प्रदान गर्न सकिनेछ।

(ख) पूनः संचालन शुल्क व्यवस्था (प्रत्येक कार्यक्रमको लागि): संचालन गर्न चाहने आवेदित संस्थाले अनुसूचि ६ मा भएअनुसारको शुल्क बुझाई आएमा संकाय डीनको सिफारीसमा श्रीमान् उपकुलपतिज्यूवाट गठित संभाव्यता अध्ययन टोलीको प्रतिवेदन अनुसार कार्यकारी परिषदले संचालनको स्वीकृति दिन सक्ने छ।

(ग) स्वामित्व परिवर्तन शुल्क व्यवस्था (प्रति कार्यक्रमको लागि): स्वामित्व परिवर्तन गर्न चाहने आवेदित संस्थाले अनसूचि ६ मा भएअनुसारको शुल्क बुझाई आएमा संकाय डीनको सिफारीशमा श्रीमान् उपकुलपतिज्यूवाट गठित समाव्यता अध्ययन टोलीको प्रतिवेदन आवश्यक निर्णयार्थ कार्यकारी परिषदमा प्रस्तुत गरिनेछ। स्वीकृति प्राप्त भएमा सम्बन्धीत डीन कार्यालयले आवश्यक जानकारी गराउनेछ। नेपाल सरकारको सम्बन्धित निकायको पूर्व स्वीकृति अनिवार्य हुनेछ।

## अनुसूची-७
## स्थान परिर्वतन सम्बन्धी शुल्क

**कुनै पनि संकायका शैक्षिक कार्यक्रममा,**

- **स्थान परिर्वतन सम्बन्धी शुल्क जिल्ला भित्रका लागि एकमुष्ट रू ५ लाख बुझाउनु पर्ने छ।**
- **स्थान परिर्वतन सम्बन्धी शुल्क एकै प्रदेशको अर्को जिल्लामा कार्यक्रम /कलेज लैजानका लागि एकमुष्ट रू ७ लाख बुझाउनु पर्ने छ।**
- **स्थान परिर्वतन सम्बन्धी शुल्क एक प्रदेशबाट अर्को प्रदेशमा कार्यक्रम /कलेज लैजानका लागि एकमुष्ट रू १० लाख बुझाउनु पर्ने छ।**

***आफ्नै घर जग्गा खरिद निर्माण गरि स्थान परिवर्तन गर्न चाहने आवेदित संस्थाले एक पटकका लागि उल्लेखित शुल्कको ५० प्रतिशत मात्र बुझाउनु पर्ने छ।***

(क) स्थान परिवर्तन गर्न चाहने आवेदित संस्थाले उल्लेखित शुल्क बुझाई आएमा संकाय डीनको सिफारीशमा श्रीमान् उपकुलपतिज्यूबाट गठित संभाव्यता अध्ययन टोलीको प्रतिवेदन प्राप्त भए पछि सम्बन्धित डीन कार्यालयमा पठाउने छ। डीनको सिफारिसमा आवश्यक निर्णयार्थ कार्यकारी परिषदमा प्रस्तुत गरिनेछ। स्वीकृती प्राप्त भएमा सम्बन्धित डीन कार्यालयले आवश्यक जानकारी गराउने छ। यस कार्यका लागि नेपाल सरकारको सम्बन्धित निकायको पूर्व स्वीकृति अनिवार्य हुने छ।

# अनुसूची ८

## वार्षिक सेवा शुल्क सम्बन्धी व्यवस्थाः

**चिकित्साशास्त्र संकाय तर्फः**

एक मात्र शैक्षिक कार्यक्रम संचालित क्याम्पसले रू १ लाख वार्षिक सेवा शुल्क बुझाउनु पर्ने, दुई वटा शैक्षिक कार्यक्रम भएमा १ लाख ५० हजार र सोही संकायका दुईभन्दा बढी शैक्षिक कार्यक्रम संचालित भए रू २ लाख ५० हजार वार्षिक सेवा शुल्क बुझाउनु पर्ने ।

**विज्ञान तथा प्रविधि संकाय तर्फः**

एक मात्र शैक्षिक कार्यक्रम संचालित क्याम्पसले रू १ लाख वार्षिक सेवा शुल्क बुझाउनु पर्ने, दुई वटा शैक्षिक कार्यक्रम भएमा १ लाख ५० हजार र सोही संकायका दुईभन्दा बढी शैक्षिक कार्यक्रम संचालित भए रू २ लाख ५० हजार वार्षिक सेवा शुल्क बुझाउनु पर्ने ।

**व्यवस्थापन/कानून संकाय तर्फः**

सेमेष्टर प्रणालीका एक मात्र शैक्षिक कार्यक्रम संचालित क्याम्पसले रू ७५ हजार वार्षिक सेवा शुल्क बुझाउनु पर्ने, दुई वटा शैक्षिक कार्यक्रम भएमा १ लाख ५० हजार र सोही संकायका दुईभन्दा बढी शैक्षिक कार्यक्रम संचालित भए रू २ लाख ५० हजार वार्षिक सेवा शुल्क बुझाउनु पर्ने ।

वार्षिक प्रणालीका एक मात्र शैक्षिक कार्यक्रम संचालित क्याम्पसले रू १ लाख वार्षिक सेवा शुल्क बुझाउनु पर्ने र एक भन्दा बढी शैक्षिक कार्यक्रम संचालित भए एकमुष्ट रू २ लाख ५० हजार वार्षिक सेवा शुल्क बुझाउनु पर्ने ।

**कला/व्यवस्थापन/शिक्षाशास्त्र संकाय तर्फः**

BA/BBS/BED (4 year and 1 year) शैक्षिक कार्यक्रम सञ्चालित क्याम्पसले प्रति शैक्षिक कार्यक्रम रू ४० हजार वार्षिक सेवा शुल्क बुझाउनु पर्ने । सामुदायिक क्याम्पसको हकमा प्रति शैक्षिक कार्यक्रम रू १५ हजार वार्षिक सेवा शुल्क बुझाउनु पर्ने ।

**कला संकाय तर्फः**

एक मात्र शैक्षिक कार्यक्रम संचालित क्याम्पसले रू २५ हजार वार्षिक सेवा शुल्क बुझाउनु पर्ने र सोही संकायका एक भन्दा बढी शैक्षिक कार्यक्रम संचालित भए एकमुष्ट रू ५० हजार वार्षिक सेवा शुल्क बुझाउनु पर्ने ।

**इन्जिनियरिङ्ग संकाय तर्फः**

एक मात्र शैक्षिक कार्यक्रम संचालित क्याम्पसले रू १ लाख वार्षिक सेवा शुल्क बुझाउनु पर्ने र दुई वटा शैक्षिक कार्यक्रम भएमा १ लाख ५० हजार र सोही संकायका दुईभन्दा बढी शैक्षिक कार्यक्रम संचालित भए रू २ लाख ५० हजार वार्षिक सेवा शुल्क बुझाउनु पर्ने ।

अनुसूची- ९

अक्षयकोष सम्बन्धी व्यवस्थाः

| (अ) रू. ५००,००० ।०० अक्षयकोष जम्मा गर्नु पर्ने शैक्षिक कायक्रमहरू : |
|---|
| BBS (Bachelor of Business Studies) |
| BA (Bachelor of Arts) |
| Master in Sociology/Anthropology |
| **आ रू ७,५०,०००।०० अक्षयकोष जम्मा गर्नु पर्ने शैक्षिक कार्यक्रमहरू :** |
| B.Sc. [Bachelor of Science] in Bio-chemistry |
| M.Sc.[Master of Science] in Life Science |
| BBA [Bachelor of Business Administration] |
| BTTS [Bachelor of Travel & Tourism Studies] |
| BFD [Bachelor of Fashion Design] |
| BHM [Bachelor of Hotel Management] |
| EMBA [Executive Master of Business Administration] |
| MBA [Master of Business Administration] |
| MTS [Master of Tourism Studies] |
| MPA [Master of Public Administration] |
| BMT [Bachelor in Media Technology] |
| BJMC [Bachelor in Journalism & Mass Communication] |
| BID [Bachelor in Interior Design] |
| BLAS [Bachelor in Liberal Arts And Science] |
| MMCJ [Master in Mass Communication & Journalism] |
| Master of Science in Population Management & Rural Development |
| Master of Science in Rural Development & Gender Studies |
| Master of Science in Regional Development Planning & Management |
| PGD [Post Graduate Diploma] in Psycho-Social Intervention |
| PGD [Post Graduate Diploma] in Conflict Management & Peace Building |
| B.Ed.[Bachelor of Education]- 1 Yr |
| B.Ed.[Bachelor of Education]- 4 Yrs |
| M.Ed.[Master of Education] |
| LLB [Legisum Laterum Bachelor] |
| LLM [Legisum Laterum Masterom] |
| MBA in International Businesss |
| MBA in Industrial Management |
| MBA in Supply Chain Management |
| Bachelor of Development Studies |

| इ रू. १५,००,००० ।०० अक्षयकोष जम्मा गर्नु पर्ने शैक्षिक कार्यक्रमहरू : |
|---|
| B.Sc. (Bachelor of Science) in Nursing |
| BPH [Bachelor of Public Health] |
| BN [Post Basic Bachelor of Nursing] |
| MPH [Master of Public Health] |
| B. Tech. / M. Tech. [Food] |
| B. Tech. / M. Tech. [Dairy] |
| BIT [Bachelor of Information Technology] |
| BCA [Bachelor of Computer Application] |
| BCA [Hons.) [Bachelor of Computer Application] |
| MCA [Master of Computer Application] |
| PGD [Post Graduate Diploma] in Computer Application |
| Master of Science in Nutrition and Dietetics / Meat Technology |
| MBA in Hospital and Health Care Management |
| M.Phil in Development Studies |
| ई रू.२०,००,०००।०० अक्षयकोष जम्मा गर्नु पर्ने शैक्षिक कार्यक्रमहरू: |
| BHMS [Bachelor of Homeopathic Medicine & Surgery] |
| B.Sc.Ag. [Hons.] / M.Sc.Ag. [Bachelor & Master of Science in Agriculture] |
| BVSC & AH / M. Sc. VSC & AH [Bachelor & Master of Veterinary Science and Animal Husbandry] |
| उ रू.२५,००,०००।०० अक्षयकोष जम्मा गर्नु पर्ने शैक्षिक कायक्रमहरू : |
| माथि उल्लेख नभएका सम्पूर्ण इन्जिनियरीङ शैक्षिक कार्यक्रम अन्तर्गत स्नातक एवंम स्नातकोत्तरका लागि |
| *नोट: माथि उल्लेख नभएका अन्य शैक्षिक कार्यक्रमको हकमा कार्यकारी परिषदले तोके बमोजिम ।* |

## अनुसूची-१०

### वार्षिक सम्बन्धन शुल्क सम्बन्धी व्यवस्था (प्रति विद्यार्थी प्रति बर्ष)

नयाँ अस्थायी सम्बन्धन प्राप्त गरेका क्याम्पसले पहिलो वर्ष सम्बन्धन पत्रमा उल्लेख भएको विद्यार्थी संख्या बराबर हुन आउने रकम वार्षिक सम्बन्धन शुल्क तिर्नु पर्ने छ। दोश्रो वर्ष देखि विद्यार्थी भर्ना संख्याको आधारमा वार्षिक सम्बन्धन शुल्क लिईने छ।

| क्र.स | शैक्षिक कार्यक्रम | शुल्क प्रति विद्यार्थी (रू) |
|---|---|---|
| 1 | BCA (Bachelor of Computer Application) | 8000.00 |
| 2 | BCA (Hons.) (Bachelor of Computer Application) | 8000.00 |
| 3 | BIT (Bachelor of Information Technology) | 8000.00 |
| 4 | BE (Bachelor of Engineering) in Computer | 10000.00 |
| 5 | BE (Bachelor of Engineering) in Architecture | 15000.00 |
| 6 | BE (Bachelor of Engineering) in Civil | 15000.00 |
| 7 | BE (Bachelor of Engineering) in Electronics & Communication | 15000.00 |
| 8 | BE (Bachelor of Engineering) in Geomatic | 15000.00 |
| 9 | BE (Bachelor of Engineering) in Biomedical | 15000.00 |
| 10 | B.Sc.Ag.(Hons.) (Bachelor of Science in Agriculture) | 10000.00 |
| 11 | B.Sc. Bio-Chemistry (Bachelor of Science of Bio-chemistry) | 10000.00 |
| 12 | BVSC & AH (Bachelor of Veterinary Science and Ani. Husbandry) | 15000.00 |
| 13 | BHMS (Bachelor of Homeopathic Medicine & Surgery) | 15000.00 |
| 14 | BN(Post Basic Bachelor of Nursing) | 15000.00 |
| 15 | B.Sc. (Bachelor of Science) in Nursing | 15000.00 |
| 16 | BPH (Bachelor of Public Health) | 8000.00 |
| 17 | MPH [Master of Public Health) | 15000.00 |
| 18 | M.Sc.(Master of Science] in Life Science | 5000.00 |
| 19 | MCA (Master of Computer Application) | 12000.00 |
| 20 | PGDCA(Post Graduate Diploma) in Computer Application | 10000.00 |
| 21 | Master of Science [Meat Technology] | 15000.00 |
| 22 | Master of Science [Dairy Technology] | 15000.00 |
| 23 | B.Tech. [Food] | 10000.00 |
| 24 | B.Tech. [Dairy] | 10000.00 |
| 25 | BBS (Bachelor of Business Studies) | 4000.00 |
| 26 | BBA (Bachelor of Business Administration) | 10000.00 |
| 27 | BTTS (Bachelor of Travel & Tourism Studies) | 10000.00 |
| 28 | BHM(Bachelor of Hotel Management) | 10000.00 |
| 29 | BFD(Bachelor of Fashion Design) | 11000.00 |
| 30 | EMBA(Executive Master of Business Administration)/ Extended MBA | 15000.00 |
| 31 | MBA (Master of Business Administration) | 15000.00 |

| | | |
|---|---|---|
| 32 | MTS (Master of Tourism Studies) | 12000.00 |
| 33 | MPA(Master of Public Administration) | 12000.00 |
| 34 | BA (Bachelor of Arts) | 4000.00 |
| 35 | BMT [Bachelor in Media Technology] | 8000.00 |
| 36 | BJMC [Bachelor in Journalism & Mass Communication] | 8000.00 |
| 37 | BID [Bachelor in Interior Design] | 10000.00 |
| 38 | BLAS [Bachelor in Liberal Arts And Science] | 6000.00 |
| 39 | MMCJ [Master in Mass Communication & Journalism] | 10000.00 |
| 40 | Master in Sociology/ Anthropology | 5000.00 |
| 41 | Master of Science in Populatin & Rural Development | 6000.00 |
| 42 | Master of Science in Rural Development & Gender Studies | 6000.00 |
| 43 | Master of Science in Regional Dev. Planning & Management | 6000.00 |
| 44 | PGD (Post Graduate Diploma) in Psycho-Social Intervention | 6000.00 |
| 45 | PGD (Post Graduate Diploma) in Conflict Mgmt.. & Peace Building | 6000.00 |
| 46 | B.Ed.(Bachelor of Education)- 1 Yr | 4000.00 |
| 47 | B.Ed.(Bachelor of Education)- 4 Yrs | 5000.00 |
| 48 | M.Ed.(Master of Education) | 6000.00 |
| 49 | LLB (Legisum Laterum Bachelor) ( Three year) | 8000.00 |
| 50 | LLM(Legisum Laterum Masterom) | 15000.00 |
| 51 | BSW (Bachelor of Social Work) | 8000.00 |
| 52 | B.Sc. Bio-Technology (Bachelor of Science in Bio-Technology) | 8000.00 |
| 53 | Bachelor of Hospitality & Catering Management | 8000.00 |
| 54 | MADC (Master of Arts) in Development Communication | 10000.00 |
| 55 | MADS (Master of Arts) in Development Studies | 10000.00 |
| 56 | MSW (Master of Social Work) | 10000.00 |
| 57 | B. Pharmacy (Bachelor of Pharmacy) | 10000.00 |
| 58 | MHHM (Master of Hotel and Hospitality Management) | 12000.00 |
| 59 | B.Tech. Biotechnology (Bachelor of Technology in Biotechnology) | 10000.00 |
| 60 | MMT ( Master in Media Technology) | 10000.00 |
| 61 | EMBA (Executive Master of Business Administration Distance Mode) | 12000.00 |
| 62 | M.Sc. (Master of Science) in Engineering Management | 15000.00 |
| 63 | M.Sc. (Master of Science) in Information System Engineering | 15000.00 |
| 64 | ME ( Master of Engineering) in Earthquake | 15000.00 |
| 65 | M.Sc. (Master of Science) in Urban Design in Conservation | 15000.00 |
| 66 | BHCM (Bachelor of Hospitality and Catering Management | 8000.00 |
| 67 | PGD (Post Graduate Diploma) in Peace & Conflict Journalism | 6000.00 |
| 68 | Master Degree in Human Right | 8000.00 |
| 69 | Master Degree in Conflict & International Humanitarian Law | 8000.00 |
| 70 | Master of Science in Biomedical Engineering | 15000.00 |
| 71 | Master of Science in Nutrition and Dietetics | 15000.00 |

| | | |
|---|---|---|
| 72 | MBA in International Business | 15000.00 |
| 73 | MBA in Hospital and Health Care Management | 15000.00 |
| 74 | MBA in Industrial Management | 15000.00 |
| 75 | MBA in Supply Chain Management | 15000.00 |
| 76 | Bachelor of Development Studies | 8000.00 |
| 77 | M. Phil in Development Studies | 18000.00 |
| 78 | M. Pharmacy | 15000.00 |
| 79 | Master of Science in Agriculture | 15000.00 |
| 82 | Master of Science in Information System Engineering | 15000.00 |
| 83 | Master of Science in Urban Design and Earthquake | 15000.00 |
| 84 | Master of Science in Bio-Medical Engineering | 15000.00 |
| 85 | MBA in HHCM | 15000.00 |
| 86 | MBA in IM | 15000.00 |
| 87 | MBA in SCM | 15000.00 |
| 88 | MBA in IB | 15000.00 |
| 89 | M.Sc in Construction Management | 15000.00 |
| 90 | M.Sc in Electrical Power Engineering | 15000.00 |
| 91 | BALLB (Legisum Laterum Bachelor) ( Five year) | 12000.00 |

**नोट**

- यस विश्वविद्यालयबाट सम्वन्धन प्राप्त सामुदायिक क्याम्पसहरूले BBS/BED( 4year and 1 year) and BA शैक्षिक कार्यक्रम सञ्चालन गरेको हकमा रू १००० **(प्रति विद्यार्थी प्रति बर्ष)** भुक्तानी गर्नु पर्ने छ ।
- माथि उल्लेखित वाहेकका शैक्षिक कार्यक्रम भएमा सम्बन्धीत डीन संकायको सिफारीसमा कार्यकारी परिषदले तोके बमोजिम हुने छ ।
- विश्वविद्यालयले भिसाको लागि शिक्षा मन्त्रालयमा सिफारीस गर्ने गरी विदेशी विद्यार्थी भर्ना गरेको अवस्थामा सम्बन्धित क्याम्पसहरूले विदेशी मुद्रामा लिएका वार्षिक शुल्कको १०% हुने रकम विदेशी मुद्रामा नै वार्षिक सम्बन्धन शुल्क वापत विश्वविद्यालयलाई प्रति विद्याथी प्रति वर्ष बुझाउनु पर्ने छ ।

## अनुसूचिः ११

**पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त स्कूल/क्याम्पस/कलेजहरू एक आपसमा गाभिने वा एकले अर्कोलाई अधिग्रहण गर्न सक्ने सम्बन्धि व्यवस्था**

पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त स्कूल/क्याम्पस/कलेजहरूले एक आपसको सहमतिमा मिलेर विलय वा अधिग्रहणको लागि अनुरोध गरेमा तपसिल बमोजिमको नियम र विधिहरू अवलम्बलन गरी पूर्ण विलय र पूर्ण अधिग्रहणको आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

१. पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त स्कूल/क्याम्पस/कलेजहरू एक आपसमा गाभिन वा विलय हुन र एकले अर्कोलाई अधिग्रहण गर्न चाहेमा गाभिन चाहने वा विलय हुन चाहने वा अधिग्रहण गर्ने सम्बन्धित कलेजहरूको संचालक समितिको पूर्ण बैठकको निर्णय सहित पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतको सम्बन्धित संकाय डीनको कार्यालयमा वा फरक फरक संकायका शैक्षिक कार्यक्रम भएमा कुनै एक संकाय डीनको कार्यालयमा तोकिएको आवेदन दर्ता शुल्क बुझाएको सक्कल बैंक भौचर संलग्न गरी आवदेन पेश गर्नु पर्ने छ । यसरी प्राप्त हुन आएको आवेदन योजना महाशाखामा समेत रायका लागि लिखित जानकारी लिनु/दिनु पर्ने छ र अन्य संकायको शैक्षिक कार्यक्रम समेत भएमा आवेदन प्राप्त /दर्ता हुन आउने संकाय डीनले सम्बन्धित डीनको समेत रायका लागि लिखित जानकारी लिनु/दिनु पर्ने छ । आवदेनको ढांचा सम्बन्धित संकाय डीनको कार्यालयले तोके बमोजिम हुने छ ।

२. आवेदनसंग देहाय बमोजिमका विवरण/कागजातहरू अनिवार्य संलग्न गर्नुपर्ने छ :

- कलेजको प्रस्तावित नाम (नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृत भएको हुनु पर्ने)।
- विश्वविद्यालयलाई बुझाउनु पर्ने कुनै पनि शुल्कहरू बाकी बक्यौता नभएको प्रमाण।
- प्राप्ती गर्ने /विलय हुने कलेजले विद्यार्थी व्यवस्थापन गरेको जानकारी पत्र।

३. आवेदन दर्ता शुल्क तपसिल बमोजिम हुने छ :-

क) एकै जिल्ला भित्रः रू.३,००,०००।- (तिन लाख)।
ख) एकै प्रदेश भित्रका जिल्ला भएमा : रू. ३,५०,०००।- (तिन लाख पचास हजार)।
ग) एक भन्दा बढि प्रदेश भित्रः रू. ५,००,०००।- (पाँच लाख)।

४. पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त स्कूल/क्याम्पस/कलेजहरूले प्राप्ती/विलय वा अधिग्रहणको लागि संयुक्त आवदेन पेश गरिसकेपछि आवेदन दर्ता शुल्क, सम्बन्धित स्कूल/क्याम्पस/कलेजहरूको संचालक समितिको माइन्यूटको एवं निर्णय सहित सिफारिस एवं आवश्यक कागजात सम्बन्धित संकाय डीनको कार्यालयले रूजु गरी प्रमाणित गर्ने छ र संयुक्त आवेदन प्राप्त भएको १५ दिन भित्र सम्बन्धित संकाय डीनको कार्यालयबाट उक्त कलेजहरूको सम्भाावित प्राप्ती /विलय वा अधिग्रहण एवं त्यसले पार्ने प्रभावको वारेमा स्थलगत अध्ययन

गरि गराई आफ्नो राय सल्लाह सुझाव सहित श्रीमान् उपकुलपति समक्ष प्राप्ती /विलय वा अधिग्रहणको लागि सिफारिस सहित पू.वि. कार्यकारी परिषद्मा आवश्यक निर्णयार्थ पठाउने छ ।

साथै, संकाय डीन कार्यालयबाट विलय वा अधिग्रहणमा जाने स्कूल/क्याम्पस/कलेजहरूमा एकै किसिमका शैक्षिक कार्यक्रमहरू संचालनमा छन भने विलय वा अधिग्रहणमा गई सकेपछि दुवै स्कूल/क्याम्पस/कलेजमा प्रदान गरिएको सिट संख्या जोडेर कुल सिट संख्या किटान गरी समेष्टर प्रणाली बमोजिम संचालित स्नातक तहको शैक्षिक कार्यक्रममा अधिकतम चार सेक्सन र स्नातकोत्तर तहको शैक्षिक कार्यक्रममा अधिकतम तीन सेक्सन तथा वार्षिक प्रणाली बमोजिम संचालित स्नातक तहको शैक्षिक कार्यक्रमहरूमा अधिकतम चार सेक्सन र स्नातकोत्तर तहको शैक्षिक कार्यक्रमहरूमा अधिकतम तीन सेक्सन सम्म संचालनको लागि सिफारिस गर्न सक्नेछ ।

५. संकाय डीन कार्यालयबाट राय, सल्लाह, सुझाव र सिफारिस आईसकेपछि पू. वि. कार्यकारी परिषद्बाट आवेदित स्कूल/क्याम्पस/कलेजहरूमा प्रदान गरिएको प्रत्येक शैक्षिक कार्यक्रमको कुल सिट संख्या किटान सहितको निर्णय गर्ने छ ।

६. पू.वि.कार्यकारी परिषद्बाट विलय वा अधिग्रहणको निर्णय गरी सकेपछि सो को जानकारी सम्बन्धित संकाय डीनको कार्यालय/ कार्यालयहरूमा पठाउने छ र आवेदन प्राप्त हुन आएको संकाय डीनको कार्यालयले एकमुष्ट **रू ५ लाख** शुल्क सोहि संकाय डीनको कार्यालयको बैंक खातामा जम्मा गर्न लगाउने छ ।

७. विलय/अधिग्रहणको लागि डीन कार्यालयको तोकिएको बैंक खातामा तोकिए बमोजिम शुल्क प्राप्त भई सकेपछि संकाय डीन कार्यालयले सिफारिस सहित विलय/अधिग्रहणको लागि श्रीमान उपकुलपतिज्यू समक्ष अनुरोध गर्ने छ ।

८. संकाय डीन कार्यालयबाट विलय/अधिग्रहण शुल्क बुझाएको प्रमाण सहित सिफारिस प्राप्त पश्चात श्री उपकुलपतिको कार्यालयबाट सम्झौताको लागि योजना महाशाखालाई अनुरोध गर्ने छ र योजना महाशाखा एवं सम्बन्धित स्कूल/क्याम्पस/कलेजबीच विलय वा अधिग्रहणको सम्झौता पत्र एवं नयाँ सम्बन्धन पत्र (यस अघि प्रदान गरिएका विलय वा अधिग्रहण हुने क्याम्पसका सबै सम्बन्धन पत्र रद्द गरिने छ) तयार हुने छ ।

**सम्झौता गर्दा निम्न लिखित पक्षहरू अनिवार्य पालना गरिनु पर्ने छ :**

- विलय वा अधिग्रहणका लागि आवेदनमा उल्लेख भए बमोजिमको सम्बन्धित स्कूल/क्याम्पस/कलेजको प्रस्तावित नाम बाट सम्झौता पत्र तयार गर्नुपर्ने छ ।
- सम्बन्धित स्कूल/क्याम्पस/कलेजमा संचालित शैक्षिक कार्यक्रमको सिट संख्या स्पष्ट तोकिनु पर्ने छ ।
- सम्बन्धित शैक्षिक कार्यक्रम संचालन गर्न आवश्यक रहेको परिषद् वा आयोगको अनुमति पत्र यस सम्बन्धि निर्णय हुनु अघि अनिवार्य पेश गर्नुपर्ने छ ।
- नेपाल सरकारको सम्बन्धित निकाय बाट अनुमति प्राप्त गरेको हुनु पर्ने छ ।

- अर्को क्याम्पसमा विलय भई सकेको अवस्थामा विलय हुने स्कूल/क्याम्पस/कलेजको सम्बन्धन खारेज भएको मानिने छ र उक्त कलेजले नयां विद्यार्थी भर्ना गर्न पाउने छैन। तर भर्ना भई सकेका विद्यार्थीहरुको हकमा तह पुरा गर्न लाग्ने बाकी अवधि सम्मको दायित्व अधिग्रहण गर्ने स्कूल/क्याम्पस/कलेजको हुने छ। यसै गरी विलय गरिएको कलेजका पूराना विद्यार्थीहरुको हकमा कलेजले गर्नु पर्ने सम्पूर्ण दायित्व अधिग्रहण गर्ने स्कूल/क्याम्पस/कलेजमा हस्तान्तरण हुने छ।
- विलय वा अधिग्रहण भईसकेपछि विश्वविद्यालय देखि बाहिरका पक्षहरु संग विलय हुने कलेजको कुनै बाकी बक्यौता वा आर्थिक कारोबार वा अन्य कुनै किसीमको दायित्व रहेछन भने यस्को दायित्व अधिग्रहण गर्ने स्कूल/क्याम्पस/कलेजको हुनेछ।
- विलय वा अधिग्रहण हुने स्कूल/क्याम्पस/कलेजहरुको सम्पूर्ण दायित्वहरु अधिग्रहण गर्ने स्कूल/क्याम्पस/कलेजहरुमा हस्तान्तरण हुने छ। विलय वा अधिग्रहण भईसकेपछि सम्बन्धित स्कूल/क्याम्पस/कलेजहरुको कुनै पनि दायित्व प्रति विश्वविद्यालय जिम्मेवार हुने छैन।